# शैक्षणिक आधारमा जुम्ली भाषा र बाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्था

**ओमप्रकाश आचार्य, पिएचडी**
उपप्राध्यापक, जुम्ला बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, जुम्ला
Corresponding Email: omacharya3851@gmail.com
Orcid ID: https://orcid.org/0009-0000-4362-5156

## लेख जानकारी

**शब्दकुञ्जी :** कोटिगत, लिङ्गगत, पुरुषगत, वचनगत, विशेष्य ।

**Received:** 5 June 2024

**Reviewed:** 7 November 2024

**Accepted:** 10 November 2024

**DOI:**
https://doi.org/10.3126/snprcj.v5i1.83495

Copyright 2024 © Author(s)

## लेखसार

*भाषा व्याकरणमा आधारित हुन्छ । संसारका जुनसुकै भाषामा नियम रहेको हुन्छ । यही नियममा आधारित पद्धति नै भाषाको व्याकरण हो । भाषिक व्याकरणमा व्याकरणिक कोटि रहेको हुन्छ । भाषामा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य प्रेरणार्थक कोटि रहेका हुन्छन् । व्याकरणिक कोटिका आधारमा भाषिक व्यवस्थाको अध्ययन विश्लेषण हुन्छ । जुम्ली भाषा र वाजुरेली भाषा बीचको व्याकरणिक कोटिगत व्यवस्थाको अध्ययन गरिएको यस लेखमा लिङ्ग, वचन, पुरुषगत आधारमा दुई भाषाको अध्ययन गरिएको छ । जुम्ली र वाजुरेली भाषामा व्याकरणिक व्यवस्था कस्तो रहेको छ ? जुम्ली र वाजुरेली भाषामा कोटिगत समानता र भिन्नता के कस्तो छ ? यस अध्ययनको मुख्य समस्या हो । जुम्ली वाजुरेली भाषाको व्याकरणिक व्यवस्थाको अध्ययन गर्नु, जुम्ली वाजुरेली भाषाको कोटिगत समानता र भिन्नता पहिल्याउनु यस अध्ययनको उद्देश्य रहेको छ । तथ्यांक संकलन स्रोतमा प्राथमिक र द्वितीय स्रोतको उपयोग गरी क्षेत्रगत र पुस्तकालय विधिको प्रयोग गरिएको यस अध्ययनमा जुम्ली र वाजुरेली भाषामा रहेको कोटिगत व्यवस्थामा केही समानता र भिन्नताको स्थिति रहेको छ ।*

## परिचय

कर्णाली प्रदेशको जुम्ला जिल्लामा बोलिने भाषा जुम्ली भाषा हो । सुदुरपश्चिम प्रदेशको वाजुरा जिल्लामा बोलिने भाषा वाजुरेली भाषा हो । यी दुई प्रदेशका दुई भाषामा रहेको व्याकरणिक कोटिगत व्यवस्थाको अध्ययन गरिनु आवश्यक रहेको छ । सुन्दा उस्तै सुनिने, बोल्दा उस्तै मानिने तर शब्द प्रयोगगत, कोटिगत व्यवस्थामा के कति समानता र भिन्नता रहेको छ । यो अध्ययन अनुसन्धानको क्षेत्र भएकाले यस लेखका आधारमा जुम्ली बाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्थाको गहन अध्ययन विश्लेषण गरिएको छ । जुम्ली र वाजुरेली भाषा नेपालका पहाडी मूलका भाषा हुन् । जुम्ला र वाजुराको रहनसहन, भाषा, संस्कृति, संस्कार, रीतिरिवाज चाल चलन मिल्न जान्छ । भाषागत रुपमा यी दुई भाषाबीचको समानता र भिन्नताको अध्ययन आवश्यक छ । यसै विषय क्षेत्रमा आधारित भएर जुम्ली वाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्थाको अनुसन्धानात्मक कार्य यस लेखबाट प्रस्तुत गरिएको छ । जुम्ली भाषाको व्याकरणिक कोटिगत

व्यवस्था कस्तो रहेको छ ? वाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्था कस्तो रहेको छ ?जुम्ली र वाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्थामा समानता र भिन्नता के कस्तो रहेको छ ? उल्लिखित अनुसन्धानात्मक प्रश्नहरु यस अनुसन्धानमा देखिएका समस्याहरु हुन् ।

## अनुसन्धानको उद्देश्य

यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य जुम्ली र वाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्थाको अध्ययन गर्नु हो ।

क. जुम्ली र वाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्थाको अध्ययन गर्नु,

ख. जुम्ली र वाजुरेली भाषाको व्याकरणिक कोटिगत समानता र भिन्नताको खोजी गर्नु ।

## अध्ययन विधि

यस अनुसन्धानात्मक लेखको मुख्य अध्ययन विधि क्षेत्रगत भ्रमण विधि रहेको छ। वर्णनात्मक,तुलनात्मक विश्लेषणात्मक आधारमा जुम्ली र वाजुरेली भाषाको अध्ययन गरिएको छ । जुम्ली र वाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्थाको अध्ययनमा यो अनुसन्धानात्मक लेख केन्द्रित रहेको छ। व्याकरणिक कोटिगत व्यवस्था अन्तर्गत लिङ्ग, वचन, पुरुषगत व्यवस्थामा मात्र यो अध्ययन सीमित रहेको छ। प्राथमिक र द्वितीय स्रोत प्रयोग गरिएको यस अध्ययनमा पूर्वकार्य गरेका सामग्रीको सहायता रहेको छ भने कतिपय जुम्ली र वाजुरेली भाषागत कोटिगत व्यवस्थाको अध्ययनका लागि क्षेत्रगत भ्रमण आवश्यक तथ्यांक संकलनको स्रोत रहेको छ ।

## अध्ययनको विश्लेषण

जुम्ली र वाजुरेली भाषाको लिङ्ग, वचन, पुरुषगत व्यवस्थाको अध्ययन यस लेखमा गरिएको छ ।

## लिङ्गगत व्यवस्था

लिङ्ग नामपदको भाले वा पोथी बुझाउने व्याकरणिक अभिलक्षण हो । पुलिङ्ग जाति जनाउने शब्दलाई पुलिङ्ग, स्त्री जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग र दुबैलाई जनाउने शब्दलाई उभयलिङ्ग भनिन्छ। लिङ्गबाट नेपाली भाषाका संरचनामा कर्ता र क्रियापद, विशेषण र विशेष्य, भेदक र भेद्य प्रभावित हुन्छ। लिङ्ग मूलतः नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो। यसरी नामलाई विभिन्न किसिमले बाड्न सकिन्छ। लिङ्गको सम्बन्ध नाम शब्दसँग प्रत्यक्ष रूपमा र सर्वनाम तथा विशेषणको सम्बन्ध लिङ्गसँग अप्रत्यक्ष रूपमा हुने गर्दछ। जुम्ली भाषामा पनि लिङ्ग केवल नामसँग सम्बन्धित व्याकरणिककोटिका रूपमा देखिन्छ। यहाँ जुम्ली र बाजुरेली भाषामा रहेको लिङ्गगत व्यवस्थालाई निम्नानुसार उल्लेख गरिएको छः

वाक्यहरूमा जुम्ली भाषामा छोट्या *खेल्लो* छ ले पुलिङ्ग र छोट्टी *खेल्ली* छ ले स्त्रीलिङ्ग जनाएको छ। यहाँ *केटो* खेल्छ र *केटी* खेल्छे। भन्ने पुलिङ्ग वाक्य हो भने यसको स्त्रीलिङ्ग *ब्याउलीकन भित्त* ल्हेउ भन्ने हुन्छ। यसलाई नेपाली भाषामा दुलहाभित्र लेऊ र दुलही भित्र भन्ने बुझिन्छ। *सहरा बड्डा आया* पुलिङ्गको स्त्रीलिङ्ग *सहासु बड्डी आइन्* हुन्छ। जुम्लीमा *राम* पुलिङ्गबोधक नाम भएकोले यसको *सीता* स्त्रीलिङ्ग बोधक नाम हुन पुगेको छ। *राम घरपुडो छ, सीता घरपुडी छ। बोक्च्याकन ल्याप* पुलिङ्ग हो भने यसको स्त्रीलिङ्ग *बाखीकन ल्याप* हुने गर्दछ।

त्यस्तै गरी *बहड धगुड्डो* छ वाक्यको स्त्रीलिङ्ग *कोलडी धगुड्डी* छ हुने गर्दछ। जुम्ली भाषामा पुलिङ्ग र स्त्रीलिङ्गका बेग्लै रूपका नाम शब्दहरू प्रयोग हुने गर्दछन्।

नामः नाम शब्दवर्गमा जुम्ली र बाजुरेली भाषाको लिङ्गव्यवस्था यसप्रकारको पाइन्छः

तालिका १. *नाम शब्दवर्गमा जुम्ली र बाजुरेली भाषाको लिङ्गव्यवस्था*

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेली |
| छोट्या खेल्लो छ। | छोट्या खेलो छ। | छोट्टी खेल्ली छ। | छोट्टी खेली छ। |
| व्याउलाकन भित्त ल्हेऊ। | ब्याउलाकन भित ल्हेऊ। | व्याउलीकन भित्त ल्हेऊ। | व्याउलीकन भित ल्हेऊ। |
| स्हउरा बड्डा आया। | स्हउरा बुढा आया। | स्हासु बड्डी आइन्। | स्हासु वुढी आइन्। |
| राम घरपुडो छ। | राम घरमो छ। | सीता घरपुडी छ। | सीता घरमी छ। |
| वोक्च्याकन ल्याप। | बोक्च्याअन ल्या। | बाखीकन ल्याप। | बाखीअन ल्या। |
| बहड धगुड्डो छ। | बहड ढगुड्डो छ। | कोलडी धगुड्डी छ। | कोलडी ढगुड्डी छ। |

(शोधकर्ताको क्षेत्रगत अध्ययन)

बाजुरेली भाषामा *छोट्टया खेलो छ,* पुलिङ्गीबोधक वाक्यको स्त्रीलिङ्ग *छोट्टी खेली छ* हुन्छ। यसले *केटो खेल्छ* पुलिङ्गी वाक्य हो भने यसको *स्त्रीलिङ्ग केटी खेल्छे* हो। केटोको ठाउँमा *छोट्या* र केटीको ठाउँमा *छोट्टी* नाम शब्द प्रयोग भएको छ। *खेल्छका* ठाउँमा *खेलो* हुन्छ। *ब्याउलाअन भित्त ल्हेऊ* को स्त्रीलिङ्ग *ब्याउलीअन भित्त ल्हेउ* हुन्छ। नेपालीमा यहाँ *ब्याउलालाई/दुलहीलाई भित्त लेऊ* पुलिङ्ग वाक्य हो भने यसको स्त्रीलिङ्ग *ब्याउलीलाई/दुलहीलाई भित्र लेउ* भएको छ। यहाँ विभक्ति *लाईका* सट्टा *अनको* प्रयोग भएको छ। *सूहरा बुढा आया* बाजुरेली भाषामा पुलिङ्ग वाक्य हो भने यसको स्त्रीलिङ्ग *सूहासु बुढी आइन्* हुने गर्दछ। यहाँ *ससुरालाई सूहरा* र सासुलाई *सहासु* नामशब्दको प्रयोग गरिएको छ। यसको नेपालीमा *ससुरा बुढा आए सासु बुढी आइन्* हुने गर्दछ। बाजुरेली भाषामा नाम शब्दमा पुलिङ्ग *राम घरमो छ* हुन्छ भने यसको स्त्रीलिङ्ग *सीता घरमी छ* भन्ने हुन्छ। यसको नेपाली भाषामा *राम घरमा नै छ*। पुलिङ्गी वाक्य हो भने *सीता घरमा नै छ* भन्ने स्त्रीलिङ्ग वाक्य हो। *बोक्च्याअन ल्या* भन्ने वाक्यको स्त्रीलिङ्ग *बाखीअन ल्या* भन्ने हुन्छ। *वोक्च्या* पुलिङ्ग यसले *बोका* भन्ने जनाउन *बाखी* स्त्रीलिङ्ग हो यसले नेपालीमा *बाखी* नै बुझाउँछ। विभक्ति *लाईका* सट्टा यस भाषिकामा अनको प्रयोग भएको छ। *बहड ढगुड्डो छ* पुलिङ्ग वाक्य हो भने यसको स्त्रीलिङ्ग *कोलडी ढगुड्डी छ* हुने गर्दछ। नेपाली भाषामा *बहर दगुर्छ* कोलडी *दगुर्छ* भन्ने वाक्य हुन्। जुम्ली भाषामा *धगुड* बाजुरेलीमा *ढगुड* भएको छ भने मानक नेपालीमा यो *दगुर्छ* हुन्छ। यसरी बाजुरेली भाषाका नामशब्दमा लिङ्गगत प्रभाव पर्दछ।

**विशेषण र विशेष्य :** जुम्ली र बाजुरेली भाषाको विशेषण विशेष्यमा लिङ्गगत व्यवस्था यसप्रकारको छः

तालिका २. *विशेषण र विशेष्यमा जुम्ली र बाजुरेली भाषाको लिङ्गव्यवस्था*

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेली |
| विनराज लुच्चो छोट्या हो । | विनराज फुच्चो छोट्टया हो । | विमला लुच्ची छोट्टी हो । | विमला फुच्ची छोट्टी हो । |
| भाउ नानु छ । | भाउ नानु छ । | भाउ नानी छ । | भाउ नानी छ । |
| यो कुँलो रोटो खाँदो छ । | यो कउलो रोटो खादो छ । | यो कुँलो रोटो खाँदी छ । | यो कउलो रोटो खादी छ । |
| भाइ भोक्ती अस्हन्च हुँदो रहयोछ । | भाइ भौति अस्हन्चो हुँदो रयो छ । | बुइनी भौक्ति अस्हन्ची हुँदी रइछ । | बइनी भौति अस्ह न्ची हुँदी रैछ । |

विशेषण विशेष्यगत व्यवस्थाअन्तर्गत *विनराज लुच्चो छोट्टया हो ।* पु. वाक्य हो भने यसको स्त्रीलिङ्गमा विशेषण विशेष्य मिलाएर विमला *लुच्ची छोट्टी हो*। बन्न गएको छ। यहाँ *विनराज खराब केटो* हो पु. हो भने *विमला खराव केटी हो* स्त्री. वाक्य बनेको छ। पु. विशेषण विशेष्यमा *भाउ नानु छ* हुन्छ भने यसको *स्त्री. भाउ नानी छ* हुने गर्दछ। यसमा *नानु* भन्ने विशेष्य नै *सानु* भन्ने बुझिन्छ। *बाबु सानो छ* पु. हो भने *नानी सानी छ* स्त्री. वाक्य भएको छ। जुम्ली भाषामा *यो कुँलो रोटो खाँदो छ* पु. वाक्य हुन्छ भने *यो कुलो रोटो खाँदीछ* स्त्री. वाक्य हुन जान्छ। यसले *यो नरम रोटी खान्छ* पु. र *यो नरम रोटी खान्छे* स्त्री. बुझाउने गर्दछ। *भाई धेरै* विसन्चो/विरामी हुन्छ पु. वाक्यको जुम्ली भाषामा *भाई भौक्ति अस्हन्चो हुँदो रहेयोछ* पु. र *बुइनी भोक्ति अस्हन्ची हुँदी रइछ* स्त्री वाक्य बन्न जान्छ। नेपाली भाषामा *बहिनी धेरै विरामी हुँदी रैछे* हुन जान्छ। जुम्ली भाषामा विशेषण विशेष्य लिङ्गगत व्यवस्थामा प्रभाव पर्छ।

बाजुरेली भाषाको विशेषण विशेष्यअन्तर्गत लिङ्गव्यवस्था केलाउनु पर्दा *विनराज फुच्चो छोट्या हो*। पु. वाक्य हो भने यसको स्त्री. *विमला फुच्ची छोट्टी हो* हुन्छ। यहाँ जुम्ली लुच्चो लुच्ची भएकोमा बाजुरेली फुच्ची भाषामा खराब *केटा* वा *केटी* भन्ने अर्थ हुन्छ। *यो कुउलो रोटो खाँदो छ* पु. वाक्य हो जुम्ली भाषाका तुलनामा यहाँ बाजुरेली भाषाका शब्दगत भिन्नता छ। यसको स्त्री. यो *कुउलो रोटो खाँदी छ* हुन्छ। *भाउ नानु छ* पु. को स्त्री. *हुँदा भानु नानी छ* हुने र यसको नेपाली भाषामा *बाबु सानो छ*। पु. र *नानी सानी छ*। स्त्री हुने गर्दछ। जुम्ली भाषाका तुलनामा बाजुरेली भाषामा विशेषण विशेष्यका शब्दमा अन्तर भने देखिन्छ। *भाई भौति अस्हन्चो हुँदो रयोछ* पु. वाक्य हो भने यसको स्त्री. *बुइनी भौति अस्हन्चो हुँदी रैछ* भएको छ। यसरी नेपालीमा यसले *भाइ* र *बहिनी धेरै विरामी* भएको कुरा जनाउँछ। बाजुरेली भाषामा समेत विशेषण विशेष्यले लिङ्गगत प्रभाव पारेको हुन्छ।

तालिका ३. *जुम्ली भाषा र बाजुरेली भाषाको लिङ्गव्यवस्था*

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेली |
| भाइ रोटा खाँदो छ । | भाइ रोटा खादो छ । | बुइनी रोटा खाँदी छ । | वइनी रोटा खाँदी छ । |
| नाति इस्कुल वाइगो । | नाति स्कुल बाइगो । | नातिनी इस्कुल वाइगई | नातिनी स्कुल वाइगई । |
| श्याम गाउँ आयो । | श्याम गाउँ आयो । | कविता गाउँ आई । | कविता गाउँ आई । |
| बा भुइसो धुदाछन् । | बा थोरो छोड्डाछन् । | आमा भुइँसो धुदिछन् । | आमा थोरो छोड्डि छन् । |

उदाहरणलाई केलाउँदा जुम्ली भाषामा क्रियागत लिङ्गव्यवस्था *भाइ* पु. हो । क्रिया *खाँदो छ* भएको छ । त्यसैको बुइनी स्त्री. नाम हो कर्ताका रूपमा आएको छ । क्रिया *खाँदी छ* भएको छ । पुलिङ्गमा ओकार र स्त्रीलिङ्गमा 'इ' कार भएको छ । लिङ्गले क्रियामा परिवर्तन वा कर्ताको लिङ्गअनुसार नै क्रिया रहेको छ । नाति पु. हो क्रियामा *बाइगो* भएको छ भने नातिनी स्त्री. भएकाले क्रियामा *बाइगई* भएको छ । यसको नेपालीमा *जानु* भन्ने अर्थ हुने गर्दछ । श्याम पु. क्रियामा *आयो* भएको छ भने कविता स्त्री. भएकाले *आई* क्रिया भएको छ ।

त्यस्तै गरेर *बा.* पु. भएकोले *धुदाछन्* भएको छ भने आमा स्त्री. भएकाले *धुदिछन्* भएको छ । यसरी जुम्ली भाषामा शब्दगत मौलिकपन भएतापनि क्रियामा लिङ्गगत व्यवस्थामा भने *ओ* कार *इ* कार नै हुने व्यवस्था देखियो । जुम्ली भाषामा लिङ्गत प्रभाव परेको छ ।

बाजुरेली भाषामा रहेको क्रियाको लिङ्गविधान सम्बन्धी व्यवस्थालाई हेर्दा *भाइ* पु. भएकाले *रोटा खाँदो छ* भएको छ त्यसैको बहिनी स्त्री. भएकाले *खाँदी छ* भएको छ । पु. मा *ओ* कार र स्त्री. मा *इ* कारको क्रिया रूप भएको छ । नाति पु. भएकोले *बाइगो* क्रिया प्रयोग भएको छ भने नातिनी स्त्री भएकाले *बाइगई* भएको छ । श्याम पु. भएकोले *आयो* क्रिया भएको छ भने कविता स्त्री. भएकाले *आई* भएको छ । यसरी हेर्दा लिङ्गअनुसारको क्रियामा प्रभाव परेको कुरा बाजुरेली भाषामा देखिन्छ । *बा* पु. भएकाले *थोरो छोड्डाछन्* भएको छ *आमा* स्त्री. भएकाले *थोरो छोड्डिछन्* भएको छ । यसको तात्पर्य *भैंसी दुहुन थालेको भन्ने* हुन्छ । बाजुरेली भाषामा शब्दगत मौलिकताको प्रयोग भने क्रियामा लिङ्गत व्यवस्था हुँदा प्रत्यक्ष प्रभाव परेको छ ।

जुम्ली र बाजुरेली यी दुबै भाषामा क्रियामा लिङ्गगत व्यवस्था हुँदा प्रत्यक्ष प्रभाव पर्दछ । यी दुबै भाषी शिक्षार्थीले नेपाली भाषा सिक्दा क्रियाको व्यवस्थामा कठिनाइ नभइ शब्द चयनमा कठिनाइ हुन सक्ने पूर्वानुमान हुन्छ ।

वचनगत व्यवस्था : वचन नामपदको सङ्ख्या बुझाउने व्याकरणिक अभिलेख हो । वचनका आधारमा कुनै नाम पद एउटा, दुई वटा, तीनवटा कति हो भन्ने छुट्टिन्छ । वचन सङ्ख्याबोधक व्याकरणिककोटि हो । वचनको सम्बन्ध नाम शब्दसँग प्रत्यक्ष रूपमा र सर्वनाम तथा विशेषणसँग अप्रत्यक्ष रूपमा हुन्छ । वचनको व्यवस्था भाषा अनुसार फरक फरक किसिमले अभिव्यक्त हुने गर्दछ । कतिपय भाषामा एकवचन, बहुवचन त कतिपय भाषामा एकवचन, द्विवचन र बहुवचनको व्यवस्था रहेको हुन्छ । नेपालीमा यो एकवचन र बहुवचनका रूपमा अभिव्यक्त हुने गर्दछ । कुनै शब्दका सङ्ख्याको बोध हुने गर्दछ भने यसरी वस्तुको सङ्ख्याको बोध जनाउने पदलाई वचन भनिन्छ । यसरी वचनले सङ्ख्यालाई निर्धारण गर्ने गर्दछ । नाम सङ्ख्यासँग हुने गर्दछ । यसको सम्बन्ध सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ । वचनको सम्बन्ध नाम शब्दसँग प्रत्यक्ष रूपमा र सर्वनाम तथा विशेषणसँग अप्रत्यक्ष रूपमा सम्बन्ध हुन्छ । नाम पदको जुन वचन हुन्छ त्यही वचन सर्वनाम र विशेषणको हुने हुँदा वचनको सम्बन्ध सर्वनाम र विशेषणसँग अप्रत्यक्ष भएको हो ।

क. नामः जुम्ली र बाजुरेली भाषामा नाम शब्दमा निम्नानुसारको वचनव्यवस्था हुन्छः

तालिका ४. *नाम शब्दमा जुम्ली र बाजुरेली भाषाको वचनव्यवस्था*

| एकवचन | | बहुवचन | |
|---|---|---|---|
| जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेली |
| मान्ठ आयो। | मान्ठ आयो। | मान्ठ आया। | मान्ठ आया। |
| किताप चिद्दो छ। | किताब चिरदो छ। | किताप चिद्दा छुन्। | किताब चिरदा छन्। |
| चल्लो बास्यो। | चल्लो बास्यो। | चल्ला बास्या। | चल्ला बास्याँ। |
| थारिम विगड्यो। | थारिम विग्ड्यो। | थारिम विगड्या। | थारिम विग्ड्या। |
| छोरो मामाघर गयो। | छोरो मामाघर गयो। | छोरामामाघर गया। | छोरा मामाघर गया। |

वाक्यहरूमा जुम्ली भाषामा *मान्ठ आयो, किताप चिद्दो छ। चल्लो वास्यो, थारिम विगड्यो, छोरो मामा घर गयो।* यी वाक्यहरूमा *आयो, चिद्दो छ, हरियो, बास्यो, विग्ड्यो, गयो* सबै एकवचनबोधक क्रिया हुन्। यिनीहरूको बहुवचन बनाउँदा जुम्ली भाषामा *मान्ठ आया, किताप चिद्दा छुन्। चल्ला बास्या, थारिम विग्ड्या छोरा मामा घर गया* भएर बहुवचन जनाएको देखिन्छ। *अ* कारले एकवचन र आकारले बहुवचन जनाएको देखिन्छ। यस भाषामा बहुवचनबोधक प्रत्यय *हरू* को भने प्रयोग भएको पाइदैन। यस भाषामा कर्ता अनुसार क्रियाको वचन, कर्मअनुसार क्रियाको वचन निर्धारणमा प्रभाव परेको छ।

बाजुरेली भाषामा पनि जुम्ली भाषा जस्तै कर्ता अनुसारको क्रिया प्रभावित भएर वचन निर्धारण हुन्छ। *मान्ठ आयो* एकवचन हो भने मान्ठ आया बहुवचन हुन्छ। *किताब चिरदो छ* एकवचन हो भने *किताब चिरदा* छन्। बहुवचन मानिन्छ। यहाँ *चिरदो* र *चिरदाले छ र छन्*। क्रियामा प्रभाव पारेर एकवचन र बहुवचन बनाएको हो। *थारिम् विग्ड्यो* एकवचन हो भने *थारिम् विग्ड्या* बहुवचन मानिन्छ। यसमा *विग्ड्योले* एकवचन र *विग्ड्याले* बहुवचन जनाएका छन्। *छोरो मामा घर गयो* वाक्यमा *छोरो* र *गयो* कर्ता र क्रियाको *ओ* कारले एकवचन जनाएको छ भने *छोरा मामा घर गया* वाक्यमा *छोरा* र *गया 'आ'* कारले बहुवचन जनाएको छ। यसरी वाजुरेली भाषामा वचनको प्रभाव कर्ता, कर्मका आधारमा क्रियामा परेको छ।

यसरी जुम्ली र बाजुरेली भाषामा वचन निर्धारण गर्न कर्ता कर्म अनुसारको क्रिया बनेको हुनुपर्दछ। नेपाली भाषामा एकवचन *मान्छे आयो, किताव चिर्दो छ, चल्लो वास्यो, ताला विग्रयो, छोरो मामाघर गयो* हुन्छ भने बहुवचनमा *मान्छे आए, किताव चिर्दाछन्, चल्ला बासे, ताला बिग्रयो, छोरा मामाघर गए* हुन्छ।

ख. सर्वनाम : जुम्ली र बाजुरेली भाषाको सर्वनाममा वचनव्यवस्था निम्नानुसारको देखिन्छः

तालिका ५. *सर्वनामका आधारमा जुम्ली र बाजुरेली भाषाको वचनव्यवस्था*

| एकवचन | | वहुवचन | |
|---|---|---|---|
| जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेलीं |
| मु जात्ता हेन्न गयाँ। | म रङ्ग हेन्न गया। | हामी जात्ता हेन्न गयौं। | हामी रङ्ग हेन्न गयौं। |
| तो भात खान्छइ। | तों भात खान्छइ। | तुमी भात खान्छऊ। | तमी भात खान्छऊ। |
| यी आया। | यी आया। | यिनी आया। | यिनी आया। |
| ऊ आया। | उँ आया। | ऊ आया। | उँ आया। |
| तीँ आया। | ती आया। | तिनी आया। | तिनी आया। |

जुम्ली भाषाका वाक्यहरूलाई हेर्ने हो भने *मु* एक वचन हो यसको बहुवचन *हामी* नै भएको छ। नेपाली *म* जुम्लीमा *मु* भएर देखा परेको छ। यो प्रथम प्रभाव प्रयुक्त सार्वनामिक तह हो। *तो* एकवचनको सार्वनामिक पद हो। जुम्लीमा यो *तुमी* भएर बहुवचनका रूपमा देखापरेको छ। यो द्वितीय पुरुषको सर्वनाम हो। *यीँ आया* एकवचन हो भने *यिनी आया* बहुवचनका रूपमा देखिएको छ। *ऊ आया* एकवचन तृतीय पुरुष हो भने *ऊ आया* तृतीय पुरुष बहुवचन मानिएको छ। *तीँ आया* एकवचनमा देखिएको छ भने *तिनी आया* बहुवचन तृतीय पुरुषका रूपमा देखापरेको छ। यहाँ जुम्ली भाषामा सार्वनामिक पद शब्द भने आफ्नै मौलिक खालका छन्। *ऊ आया*ले एकवचन र बहुवचन सबै देखाउने गरेको छ। यस भाषामा बहुवचन प्रत्यय हरू भने प्रयोग भएको पाइँदैन। जुम्ली भाषाको सर्वनाम शब्दमा वचनको प्रभाव परेको हुन्छ।

बाजुरेली भाषामा भने सर्वनामका आधारमा एकवचन बुझाउन प्रथम पुरुषमा *म रङ्ग हेन्न गया* हुन्छ भने यसको बहुवचन *हामी रङ्ग हेन्न गयौं* हुने गर्दछ। द्वितीय पुरुषमा *तो भात खान्छइ* एकवचन हो भने यसको बहुवचन *तमी भात* खान्छऊ हुने गरेको छ। *यी आया* को बहुवचन *यिनी आया* हुने गर्दछ। *ती आया* एकवचन हो भने *तिनी आया* तृतीय पुरुषबुझाउने बहुवचनका लागि प्रयोग भएको सर्वनाम हो। बाजुरेली भाषामा एकवचन र बहुवचन बुझाउने सर्वनाममा रूपगत भिन्नता छ। बाजुरेली भाषामा समेत सर्वनाम शब्दहरूमा वचनको प्रभाव परेको छ।

पुरुषगत व्यवस्थाः यो वक्ता श्रोता वा वक्ता श्रोता भन्दा भिन्न व्यक्ति विषयसँग सम्बन्धित हुने गर्दछ। भाषिक प्रयोगमा सहभागिताका विभिन्न स्थिति व्यक्त गर्ने व्याकरणिक अभिलक्षण पुरुष हो। यसले गर्दा भाषिक प्रयोगका वक्ता, परिस्थित र श्रोतासँग यो सम्बन्धित हुन्छ भन्ने हो। कथनका सन्दर्भमा संलग्न भएका सहभागीहरूको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटि पुरुष हो।

सर्वनाममा पुरुषः जुम्ली भाषामा सर्वनाममा तीनवटै पुरुषहरू पाइन्छन्। प्रथम, द्वितीय र तृतीय; तीनवटै पुरुषहरूको भिन्न भिन्न रूप प्रयोग भएको छ। जुम्ली र बाजुरेली भाषामा रहेको सर्वनाम व्यवस्थालाई यसप्रकार उल्लेख गरिएको छः

तालिका ६. *जुम्ली र बाजुरेली भाषाको सर्वनाममा पुरुषगत व्यवस्था*

| प्रथम | | द्वितीय | | तृतीय | |
|---|---|---|---|---|---|
| जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेली |
| मु बाइजाँदो। | म बाइजादो। | तो घर जान्याइ। | तो घर जान्या होइ ? | त्यो नानु छ। | त्यो नानु छ। |
| हामीकन ढुल्याई लाइओ | हामीअन ढुल्याई लागिगो। | तुमीकन डाक्ता छुन्। | तमीअन डकाउदा छन्। | ऊ घर बाइगो। | ऊ घर बाइगयो। |
| मुइले वेलिछकल खाना खानु अठगो। | मइले वेल्छाल खाना खानु अठगो। | तुमी यइथी ढुक्या। | तमी यइथी ढुकिरया। | ऊ याँइ वइन्या हो। | ऊ याँइ बस्न्या हो। |

जुम्लीमा *मु बाइजाँदो* भन्ने वाक्यमा मु प्रथम पुरुष एकवचन रहेको छ। *तो घर जान्याइ* वाक्य द्वितीय पुरुष एकवचनको हो। *त्यो नानु छ*। वाक्यको *त्यो* ले तृतीय पुरुष एकवचन जनाएको छ। यहाँ नेपाली भाषाको *म* को ठाउँमा मु *बाइजाँदो* जस्ता शब्दहरू प्रयोग भएको छ। नेपाली भाषाको

प्रथम पुरुष *म* द्वितीय पुरुष *तँ* र तृतीय पुरुष जुम्ली भाषामा *मु, तो* र *त्यो* भएको छ। हामीकन प्र.पु. ढुल्याई लाइओ बहुवचन, तुमीकन द्वि.पु. बहुवचन र ऊ तृ.पु. एकवचन मानिन्छ। *मुइँले बेलिछकल खाना खानु अठगो* भन्ने जुम्ली भाषाको वाक्यमा प्रथम पुरुष एकवचन *यइथी* वाक्य द्वितीय पुरुष एकवचन हो। *ऊ याँइ वइन्या हो* वाक्यको *ऊ* तृतीय पु. एकवचन हो। यिनीहरूको क्रियापदमा *लाइओ, अठगो, वाइगो,* ढुक्या जस्ता क्रियापदहरू प्रयोग भएकोले जुम्ली भाषामा पुरुषको प्रभाव कर्ता र क्रिया दुबैमा परेको छ।

बाजुरेली भाषामा प्रयुक्त माथिका वाक्यलाई हेर्ने हो भने *म बाइजादो* वाक्य प्रथम पुरुष एकवचन हो। यहाँ *बाइजादो* क्रिया प्रयोग भएको छ। *तो घर जान्या होइ ?* वाक्यमा *तो* द्वितीय पु. *घर जान्या होइ ?* क्रियाबाट यो वाक्य एकवचन हो। यसलाई नेपालीमा *तँ घर जान्छस् ?* भन्ने हुन्छ। *त्यो नानु* छ को *त्यो* तृतीय पु. *नानु छ* क्रियाले एकवचन क्रिया प्रयुक्त भएको जनाएको छ। यसमा पनि शब्दगत भिन्नता रहेको छ। बाजुरेली भाषाको र जुम्ली भाषाका शब्द संरचनामा कतिपय अवस्थामा समान छन् भने कतिपय अवस्थामा भिन्न। *हामी अन* प्र.पु. *ढुल्याई लागि गो* एकवचनको क्रिया हो। *तुमीअन* द्वितीय पुरुष *डकाउँदा छन्*। बहुवचन क्रिया हो यहाँ *तिमीलाई डाक्छन्* भनिएको हो। ऊ तृ. पु. *घर वाइगो* एकवचन क्रिया रूपको प्रयोग भएको छ। *मइले* प्र.पु. सर्वनाम हो भने *वेल्छाल* खान *खान अठगो* एकवचन क्रिया पद मानिन्छ। *तुमी* द्वि.पु. यइथी *ढुकिरया* एकवचन क्रियापदको रूप हो। यसले *तिमी यहीनिर ढुकिरहनु* भन्ने अर्थ हो। *ऊ* तृ.पु. *याँइ बस्न्या हो* एकवचन क्रियापद हो। यसले *ऊ यही बस्छ* भन्ने अर्थ देखाउन खोजेको हो। यस भाषामा सर्वनामगत पुरुषमा नेपाली भाषासरह सार्वनामिक पद रहेका छन्। यी शब्दहरूमा भने मौलिक संरचना देखिन्छ। कर्ताको सर्वनाम अनुसार क्रियापद परिवर्तन भएको छ। वाक्यमा पुरुष अनुसारका क्रियाका भिन्न रूप देखिन्छन्।

जुम्ली र बाजुरेली भाषाका सर्वनाममा पुरुषको प्रभाव र त्यही अनुसार क्रियामा पनि प्रभाव परेको छ।

ख. लिङ्ग : जुम्ली र बाजुरेली भाषाको सर्वनाममा क्रियाको लिङ्गगत व्यवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ :

तालिका ७. *जुम्ली र बाजुरेली भाषाको सर्वनाममा क्रियाको लिङ्गगत व्यवस्था*

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| जुम्ली | बाजुरेली | जुम्ली | बाजुरेली |
| मु काम गद्दो छु। | म काम गद्दो छु। | मु काम गद्दी छु। | म काम गद्दी छु। |
| तो काम गन्याइ। | तो काम गन्याहोई। | तो काम गद्दी छई। | तो काम गद्दीछस्। |
| ऊ काम गद्दो छ। | ऊ काम गद्दो छ। | ऊ काम गद्दी छ। | ऊ काम गद्दी छ। |
| उइले काम गऱ्यो। | उइले काम गर्‍यो। | उइले काम गरी। | उइले काम गरी। |
| ऊ जान्छ। | ऊ जान्छ। | ऊ जाँदिछ। | ऊ जादिछ। |

पु. *काम गद्दो छु।* यहाँ दुबै लिङ्गमा *मु* को प्रयोग भएको छ। वाक्यमा रहेको मुख्य क्रियाको *ओ* कार र *इ* कारले पुलिङ्ग र स्त्रीलिङ्ग भनेर छुट्याएको छ। यद्यपि सहायक क्रिया भने दुबै एउटै प्रयोग भएको छ। *तो काम गन्याई* पु. वाक्य हो भने *तो काम* गद्दी छइ स्त्रीलिङ्ग वाक्य हो। यहाँ सर्वनाम *तो* दुबै लिङ्गमा एउटै प्रयोग भएको छ। *गन्याइ* क्रिया पुलिङ्गमा प्रयोग भएको छ भने *गद्दीछई* स्त्रीलिङ्गमा क्रियाका रूपमा प्रयोग भएको छ। त्यस्तै *ऊ* (पु. स्त्री.), *उइले* (पु.

स्त्री.) सर्वनाम हुन् भने *गद्‌दो छ, गऱ्यो, जान्छ* पु. क्रियामा प्रयुक्त भएका छन् भने *गद्‌दी छ, गरी, जाँदिछ* स्त्री. क्रियामा प्रयोग भएको छ। यसरी जुम्ली भाषाको सर्वनामका आधारमा पु. र स्त्री., रूप परिवर्तन नभएर मुख्य क्रियाका आधारमा क्रियाको रूप प्रभावित भएको छ।

बाजुरेली भाषामा पनि हेर्ने हो भने *म* पु. सर्वनाम *म* स्त्री. सर्वनामका रूपमा प्रयोग भएको छ। *गद्‌दो छु* पु. *गद्‌दी छु* स्त्री. यहाँ मुख्य क्रियाले मात्र लिङ्ग निर्धारण गरेको छ। *तो* पु. *तो* स्त्री. यहाँ मुख्य क्रियाले मात्र लिङ्ग निर्धारण गरेको छ। *तो* पु. *तो.* स्त्री *गऱ्याहोइ* पु. क्रिया र *गद्‌दीछस्* क्रिया स्त्री., प्रयोग भएको छ। *ऊ* सर्वनाम पु. र स्त्री. एउटै प्रयोग भएको छ। मुख्य क्रियाको *ओ* कार र *इ* कारले क्रियामा लिङ्गगत परिवर्तन देखाएको छ। यसरी बाजुरेली भाषामा सर्वनाममा पु. स्त्री. एउटै प्रयोग भएको छ तर क्रियाको प्रयोग भने फरक हुने भएकाले पु. र स्त्री. निर्धारण हुने गर्दछ।

दुबै भाषामा लिङ्गका आधारमा सर्वनामको एउटै प्रयोग हुने र क्रियाको भने लिङ्गअनुसार फरक फरक रूप प्रयोग हुने गर्दछ। नेपाली भाषामा पु. म काम गर्छु, तँ काम गर्छस्, ऊ काम गर्छ, उसले काम गर्‍यो, ऊ जान्छ हुन्छ भने स्त्री. मा म काम गर्छु। गर्दिछु, तँ काम गर्छेस्, ऊ काम गर्छे, उसले काम गरी, ऊ जान्छे हुन्छ।

## निष्कर्ष

जुम्ली र वाजुरेली भाषाको व्याकरणिक कोटिगत व्यवस्थामा लिङ्ग, वचन र पुरुषगत व्यवस्थाको अध्ययन गर्दा शब्द संरचनागत भिन्नता रहेको छ। व्यवस्थागत रुपमा समानता भएपनि शब्दको संरचनामा यी दुबै भाषामा फरक पाइन्छ। भाषाको कथ्य रुपलाई अध्ययन विश्लेषण गरिएको यस अध्ययनमा पुलिङ्गी र स्त्रिलिङ्गी व्यवस्था रहेको छ। मानवेत्तर प्राणीमा समेत लिङ्गगत व्यवस्था रहेको छ। गोरु आयो। गाई आई। छोरो आयो। छोरी आई। वचनगत व्यवस्थामा हरु बहुवचनबोधक प्रत्ययको कम मात्रामा प्रयोग गरिएको पाइन्छ। मान्ठ आया। मान्छेहरु आए। पुरुषगत व्यवस्थामा मु, हामी, तो, तुमी प्रयोग हुने गरेको पाइन्छ। जुम्ली र वाजुरेली भाषामा कोटिगत मैं शब्द संरचनागत कही समानता त कहीं भिन्नता रहेको छ। बाजुरेली भाषामा प्रयुक्त माथिका वाक्यलाई हेर्ने हो भने *म बाइजादो* वाक्य प्रथम पुरुष एकवचन हो। यहाँ *बाइजादो* क्रिया प्रयोग भएको छ। *तो घर जान्या होइ ?* वाक्यमा *तो* द्वितीय पु. *घर जान्या होइ ?* क्रियाबाट यो वाक्य एकवचन हो। यसलाई नेपालीमा *तँ घर जान्छस् ?* भन्ने हुन्छ। *त्यो नानु* छ को *त्यो* तृतीय पु. *नानु छ* क्रियाले एकवचन क्रिया प्रयुक्त भएको जनाएको छ। यसमा पनि शब्दगत भिन्नता रहेको छ। बाजुरेली भाषाको र जुम्ली भाषाका शब्द संरचनामा कतिपय अवस्थामा समान छन् भने कतिपय अवस्थामा भिन्न। *हामी अन* प्र.पु. *ढुल्याई लागि गो* एकवचनको क्रिया हो। *तुमीअन* द्वितीय पुरुष *डकाउँदा छन्*। बहुवचन क्रिया हो यहाँ *तिमीलाई डाक्छन्* भनिएको हो। *ऊ* तृ. पु. *घर वाइगो* एकवचन क्रिया रूपको प्रयोग भएको छ। *मइले* प्र.पु. सर्वनाम हो भने *वेल्छाल* खान *खान अठगो* एकवचन क्रिया पद मानिन्छ। *तुमी* द्वि.पु. यइथी *ढुकिरया* एकवचन क्रियापदको रूप हो। यसले *तिमी यहीनिर ढुकिरहनु* भन्ने अर्थ हो। *ऊ* तृ.पु. *याँइ बस्न्या हो* एकवचन क्रियापद हो। यसले *ऊ यही बस्छ* भन्ने अर्थ देखाउन खोजेको हो। यस भाषामा सर्वनामगत पुरुषमा नेपाली भाषासरह सार्वनामिक पद रहेका छन्। यी शब्दहरूमा भने मौलिक संरचना देखिन्छ। कर्ताको सर्वनाम अनुसार क्रियापद परिवर्तन भएको छ। वाक्यमा पुरुष अनुसारका क्रियाका भिन्न रूप

देखिन्छन् । जुम्ली र बाजुरेली भाषाका सर्वनाममा पुरुषको प्रभाव र त्यही अनुसार क्रियामा पनि प्रभाव परेको छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०४९), समसामयिक नेपाली व्याकरण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, ओमप्रकाश (२०७५), *सिजाली भाषिका र मानक नेपाली भाषाको व्यतिरेकी अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिवि शिक्षाशास्त्र संकाय डीनको कार्यालय कीर्तिपुर ।

आचार्य, ओमप्रकाश र प्रकाशचन्द्र खत्री (२०७८), जुम्ली भाषाको व्याकरण, काठमाडौं : भाषा आयोग नेपाल

आचार्य, राजेन्द्रकुमार (२०६०), *केन्द्रीय नेपाली शब्दकोश,* काठमाडौंः विवेकशील प्रकाशन ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाको हजार वर्ष,* काठमाडौंः राइनो पब्लिकेशन प्रा.लि.।

चौलागाई, हरि (२०५९), *जुम्लाको परिचय,* नेपालगंज : देबिलाल चौलागाई ।

देवकोटा, रत्नाकर (२०२८), *जुम्लेली शब्दसंग्रह,* काठमाडौं : नेराप्रप्र ।

निरौला, यज्ञश्वर (२०५१), *क्रियाका रुपतत्वका आधारमा नेपालीका भाषिकाको निर्धारण,* प्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्दीय बिभाग, कीर्तिपुर ।

पोखरेल, माधवप्रसाद (२०५४), नेपाली वाक्य व्याकरण, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद र अन्य (२०७६) *कर्णाली प्रदेशका जाति भाषा र सांस्कृतिक अवस्था,* सुर्खेत : प्रदेश सरकार सामाजिक विकास मन्त्रालय ।

बन्धु, चूडामणि (२०२८), *कर्णाली लोक संस्कृति भाषा खण्ड ४,* काठमाडौं : नेराप्रप्र ।

बन्धु, चूडामणि (२०५०), *भाषाविज्ञान,* ललितपुर : साझा प्रकाशन ।

शाही, हर्कबहादुर, आचार्य, ओमप्रकाश, खत्री, रमेश र खत्री, प्रकाशचन्द्र (२०७५), *जुम्ली भाषाको वर्ण निर्धारण,* भाषा आयोग, नेपालमा बुझाइएको एक प्रतिवेदन ।

शाही, हर्कबहादुर, आचार्य, ओमप्रकाश, खत्री, रमेश र खत्री, प्रकाशचन्द्र (२०७५), *जुम्ली भाषाको शब्दसंग्रह,* भाषा आयोग, नेपालमा बुझाइएको एक प्रतिवेदन ।

सिजापति, रामबिक्रम (२०४१), *केन्दीय नेपाली भाषिकाहरु,* कमलादी काडमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

सिजापति, रामबिक्रम (२०५०), *जुम्ली भाषिकाको वर्णनात्मक अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग ।

सिजापति, रामबिक्रम (२०७३), *प्रज्ञा नेपाली-जुम्ली शब्दकोश,* काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।